# लिखु तामाकोशी गाउँपालिका


**स्थानीय राजपत्र**

खण्डः५ संख्याः २ मितिः २०७८\०६\१९


भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## लिखु तामाकोशी गाउँपालिका कृषि तथा पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८

प्रस्तावना:पशुपंक्षी तथा मत्स्य पालन व्यवसाय लिखु तामाकोशी गाउँपालिकाको आर्थिक विकास क्रियाकलापको महत्वपूर्ण अंगको रुपमा रहेको छ। लिखु तामाकोशी गाउँपालिकामा पशुपंक्षी तथा मत्स्य पालन व्यवसायलाई थप व्यवसायिक, उत्पादन लागत घटाउन यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान जरुरी छ। गाउँपालिकाबाट संचालन गरिने पशु तथा कृषि सेवाका कार्यक्रमहरुलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रुपमा कार्यान्वयन गर्नका लागि लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ (२) को व्यवस्था अनुरुप "**लिखु तामाकोशी गाउँपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८**" जारी गरेको छ।

# परिच्छेदः१

१. सम्क्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम " लिखु तामाकोशी गाउँपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८" रहेको छ।

ख. यो कार्याविधि लिखु तामाकोशी गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ।

ग. यो कार्यविधि स्विकृत भएको मितिदेखि लागु हुनेछ।

२.परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क. "गाउँपालिका" भन्नाले लिखु तामाकोशी गाउँपालिकालाई जनाउने छ।

ख. "कार्यपालिका" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ।

ग."अध्यक्ष" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको अध्यक्षलाई जनाउने छ।

घ. "उपाध्यक्ष' भन्नाले लिखु तामाकोशी गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

च. "आर्थिक विकास समिति" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ।

छ. "शाखा" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको कृषि तथा पशु सेवा शाखालाई जनाउने छ।

ज. "शाखा प्रमुख" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको  कृषि तथा पशु शाखा प्रमुखलाई जानाउने छ।

झ. "मुल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको अनुसुचि-१ बमोजिम गठन भएको मुल्याङ्कन समितिलाई जनाउने छ।

ञ. "प्रादेशिक मन्त्रालय" भन्नाले बागमती प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई जनाउने छ।

ट. "प्रादेशिक निर्देशनालय" भन्नाले बागमती प्रदेश स्थित पशुपंक्षी तथा मत्स्य निर्देशनालयलाई जनाउने छ।

**उद्देश्यः**

क.)गाउँपालिकाबाटसञ्चालनहुने कृषि तथा पशुसेवाकार्यक्रमकार्यान्वयनप्रकृयालाईसरल, सहज, प्रभावकारी, पारदर्शीएवंगुणस्तरयुक्तबनाउने।

ख. पशुपन्छीतथामत्स्यपालनव्यवसायलाईदिगो, मर्यादित, प्रतिस्पर्धिएवंउत्पादनमूलकबनाउने।

ग. अनुदानमाआधारित कार्यक्रममाअनुदानवितरण प्रक्रियालाईसरलरवैज्ञानिकयक्त बानाईनिस्पक्षरपारदर्शीबनाउने।

घ. सेवाप्रवाहकोप्रकृतिलाईसरल, निस्पक्षरपारदर्शीबनाउने।

ङ. पशुस्वास्थतथारोगनिदानप्रकृयालाईगुणस्तरियबनाउने।

च. लाभग्राहीहरूकोछनौटप्रकृतिलाईस्पस्टरपारदर्शीबनाउने।

परिच्छेदः२

## कार्य सञ्चालन प्रक्रियाः

४.कार्यक्रम कार्यान्वन

यन प्रकृयाः कार्यक्रमहरु देहाय बमोजिम सञ्चालन गरिनेछ ।

(१)सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची-१ बमोजिमको १५ दिने सार्वजनिक सूचना स्थानीयएफ.एम र पत्रिका मार्फत जारि गरि वा गाउ स्थित सरकारि निकायहरुमा टाँस गरि प्रस्ताव आवहान गर्नेछ ।

(२) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम सञ्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको व्यवसाय योजना, अनुसूची-४ बमोविमको लागत साझेदारी प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिमको स्वघोषणा, अनुसूची-६ बमोजिमको सम्बन्धित निकायको सिफारिस र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र सम्बन्धित कार्यालायमा आवेदन दर्ता गर्नु पर्नेछ ।

(३) दफा ४ को उपदफा (१) मुताविकको सूचनाका आधारमा निर्धारित समय भित्र प्रयास प्रस्तावना दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन ।

(५) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

अनुदानका प्रस्तावनाहरूको मूल्याङकन तथा सिफारिस समितिः

अध्यक्षःप्रमुख प्रशासकीय अधिकृत १ जना

सदस्यःगाउँपालिकाको आर्थिक विकास समितिको प्रतिनिधी १जना

सदस्यःगाउँपालिका, कृषि शाखाका प्रमुख १ जना

सदस्यःगाउँपालिका, कृषि तथा पशुसेवाशाखाकाकार्यक्रमहेर्नेफोकल अधिकृत१जना

सदस्य सचिवःगाउँपालिकाको कृषि तथा पशु सेवा शाखाका प्रमुख१जना

जम्माः५जना

मूल्याङ्कनसमितिले आवस्यक ठहरायकोखण्डमाबढीमा२जनासम्मविज्ञमूल्याङ्कन समितिमा आमन्त्रित गर्नसक्नेछ।

(६) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले आवस्यक ठानेमा रीतपूर्वक पेश हुन आएका प्रस्ताबहरुको प्रारम्भिक छनौट सहितको सूचि पेश गर्नका लागिको कर्मचारिलाई जिम्मेवारि दिन सक्नेछ ।

(७) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोलि परिचालन गरि फिल्ड भेरिफिकेशन गर्नेछ । साथै आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पूर्व स्थलगत निरीक्षण गर्न सक्नेछ ।

(८) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-८ बमोजिमको प्रस्तावहरुको मुल्याङ्कन गरि प्राथमिकिकरण सहितको सूचि स्वीकृतका लागि सम्वन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(९) सम्वन्धित कार्यालय प्रमुखको स्वीकृत पश्चात छनौट भएका र वैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि सम्बन्धित कार्यालयको सूचना टाँस गरिनेछ ।

**५.सम्झौताः**

(१) स्वीकृत प्रस्तावका आवेदन संग सम्वन्धित कार्यालयले अनुसूची-९ बमोजिमको द्बिपक्षिय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।
(२) तोकिएको अवधि भित्र द्बिपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
(३) द्बिपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मुल आधार मानिनेछ ।

**६. अनुदान प्रवाहका शर्तहरुः**

(१) प्रस्ताविक कार्यक्रमका लागि योग्यता पुगेको सस्थागत प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्दछ ।

(२) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा मातहतका निकाय एवं संघीय सरकार अन्तगतका कृषि तथा पशुपन्छि विकास मन्त्रालय वा मातहतका निकायहरुबाट सोहि प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनः अनुदानका लागि योग्य मानिने छैन । तर अपूरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न वाधा पर्ने छैन ।
(३) साझेदारले मेशिनरी, उपकरण, ढुवानीको साधन र अन्य विशिष्टिकृत सामानहरु खरिद गर्दा सो को स्पेसिफिकेसन, कोटेशन र निर्मित कम्पनि/फर्म आदिको विवरण सम्वन्धित कार्यालयमा पेश गरि पूर्व स्वीकृति लिएर खरिद गर्नु पर्नेछ । साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/प्यानमा दर्तावाल व्यवसायिक फर्मले जारि गरेको विल विजक पेश नगरेको खण्डमा सम्वन्धित कार्यालयले सम्झौता मुताविकको रकम भुक्तानी दिन बाध्य हुने छैन ।
(४) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा ३ देखि ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।
(५) निजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्वन्धित जग्गा धनि संग कम्तिमा ५ वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।
(६) कार्यक्रम सञ्चालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।
(७) अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियमानुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको, नियमित लेखा परीक्षण भएको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।
(८) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकि सरह रकम असुली र कारवाही हुनेछ ।
(९) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्दा साझेदारी बजेट रु.५ लाखसम्म वा सो भन्दा बढी भएको अवस्थामा व्यवसायिक कार्य योजना पेश गर्नु पर्नेछ ।
(१०) प्रस्तावकले लागतको कम्तिमा २५ प्रतिशत लागत साझेदारी गरेको हुनु पर्नेछ ।
(११) अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।
(१२) तालिम, भ्रमण, गोष्ठी, तलब,भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराइने छैन ।

**७. भुक्तानी प्रक्रियाः**

(१) सम्बन्धित साझेदारले सुरुमा आफनो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि भौतिक निर्माणको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको रनिङ्ग बिल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिबेदन तथा अन्यको हकमा नियमानुसारका कोटेशन, बिल बिजक, दाखिला प्रतिवेदन, एव फोटोग्राफ आदि कागजात संलग्न राखी भुक्तिानीका लागि अनुरोध गरे पश्चात सम्बन्ति कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग बिलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सीमा तोकिनेछ साथै कार्यक्रम ७५:२५ को लागत

साझेदारी सञ्चालन हुनेछ । अर्थात यस  पालिकाले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको ७५ प्रतिशत बराबर मानी बाँकि २५ प्रतिशत रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

(३) भुक्तानी गरिने रकमवाट कन्टिनजेन्सी वापत र नियमानुसारका कर कट्टा गरि बाँकि रकम उपलब्ध गराईनेछ ।

(४)गाउपालिकाले साझेदारसंग द्विपक्षीय सम्झौता गर्दा कुन कार्यक्रम सञ्चालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकमको भुक्तानी कसरी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

(५) सामान्यतयाः अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढिमा दुई किस्तामा गरिनेछ । तर रु.१ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ ।

## ८. कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व :

(१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२)सम्झौता मुताविक कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवासम्बन्धि कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त खरिद गर्न सक्नेछ ।

(४) अनुदान ग्राहिले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउँनु पर्नेछ ।

## ९. अनुगमन र मुल्याङ्कन :

(१) आवश्यकता अनुसार सम्वन्धित सरोकारवालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्वन्धित विज्ञ र प्राविधिक टोलिहरुवाट कार्यक्रमको अनुगमन/मुल्याङ्कन गर्न सकिनेछ ।

(२)अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन भए नभएको गाउपालिका पशु सेवा शाखाले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलिले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरि दिइएको निर्देशन पालना गर्नु सम्वन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होडिड. बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारिको लागि राख्नु पर्नेछ ।

## परच्छेदः३
## डेरी पसल निर्माण/सुधार कार्यक्रम

१०.डेरी पसल निर्माण/सुधार कार्यक्रम

दूध तथा दुग्धजन्य पदार्थहरु मानवका लागि मात्र नभएर रोग कारक जिवाणुहरुका लागि समेत पोषणयुक्त हुने भएकोले तिनको उचित भण्डारण र बिक्रि वितरण गरिएन भने छिट्टै बिग्रने र कतिपय अवस्थामा जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्न सक्दछ। दूध तथा दुग्धजन्य पदार्थहरुको बढ्दो माग सम्बोधनका एकातर्फ उल्लेख संख्यामा डेरी पसलहरु सञ्चालन हुनु आवश्यक छ भने अर्कातर्फ त्यस्ता पसलहरुबाट स्वस्थ, स्वच्छ एवं गुणस्तरिय दूध तथा दुग्धजन्य पदार्थ व्यवस्थित भण्डारण र बिक्री वितरण प्रवर्द्धन गर्ने हेतुले दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक, समूह/समिति, डेरी, उद्योग, व्यवसायिक फर्म, कम्पनी, निजी उद्यमीहरु संगको लागत साझेदारी डेरी पसल निर्माण/सुधारको कार्यक्रम सञ्चालन गर्नेछ।

(१) कार्यक्रम सञ्चालन प्रक्रिया

(क) सम्बन्धित कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ।

(ख) डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिक्रि बितरणमा संलग्न संघ/संस्था, कृषक, समूह/समिति, डेरी, उद्योग, व्यवसायिक फर्म, कम्पनि र निजी उद्यमीहरुलाई प्राथमिकता दिइनेछ।

(ग) डेरी पसल निर्माण/सुधार कार्यक्रम सकभर पालिका, वस्तिहरु तथा व्यापारिक केन्द्रलाई लक्षित गरि सञ्चालन गरिनेछ।

(घ) डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागि हुने आवेदकले कम्तीमा दैनिक ५० लिटर दूध वा सो माथिको दूग्धजन्य परिकार बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ।

(ङ) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने डेरी पसलले अनुसूची-१० बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ।

(च) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ।

(१) बिक्रि कक्ष निर्माण,टायल/मार्वल फिटिङ्ग,सिटिङ्ग एरेन्जमेन्ट आदि।

(२) मिल्क क्यान, मिल्क कन्टेनर,फ्रिज वा डिप फ्रिज खरिद।

(३) भेण्डिङ्ग मेशिन, कफि मेशिन्क डिजिटल डिस्प्ले खरिद जडान।

(४) मिल्क डिस्पेन्सर खरिद, डेरी पसलको सजावट आदि।

## परिच्छेद ४
## मासु पसल निर्माण/सुधार कार्यक्रम

शहर बजारमा रहेका अव्यवस्थित मासु पसलहरुका कारण एकातर्फ जनस्वास्थ्यमा प्रतिकूल असर परिरहकोछ भने अर्कोतर्फ वातावरणीय प्रदुषण र स्थान विशेषको प्राकृतिक सुन्दरता समेत धरापमा परेको देखिन्छ। आम उपभोक्ताहरुको स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय मासु तथा मासुजन्य पदार्थ उपभोग गर्न पाउने अधिकार सुनिश्चितताका लागि समेत हाल सञ्चालनमा रहेका वा नयाँस्थापना हुने मासु पसलहरुलाई एक निश्चित मापदण्ड मुताविक स्तरोन्नति र व्यवस्थित गर्नु अत्यावश्यक देखिन्छ।

यहि परिप्रेक्षमा प्रदेश सरकारले मासु बजारलाई व्यवस्थित गरी स्वच्छ, स्वस्थ एव गुणस्तरिय मासु तथा मासुजन्य पदार्थको सुनिश्चितताका लागि मासु पसल व्यवसायी संघ/समिति, कृषक, समूह/समिति, मासु व्यवसायी, फर्म,कम्पनि र निजी उद्यमीहरु संगको लागत साझेदारीमा मासु पसल निर्माण/सुधारको कार्यक्रम सञ्चालन गर्नेछ ।

(१) कार्यक्रम सञ्चालन प्रक्रिया

(क) सम्बन्धित कार्यालयलेमासु पसल निर्माण/सुधार कार्यक्रम सञ्चालनका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) मासु पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्दा मासुको कारोबार संलग्न वा यसलाई व्यवस्थित गर्ने चाहने स्थानीय निकाय, मासु व्यवसायी संघ/समिति, कृषक, समूह/समिति र मासु उद्यमी, निजी उद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) मासु पसल निर्माण/सुधारको कार्यक्रम सकभर गाउपालिकाका व्यापारिक केन्द्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

(घ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिने मासु पसल स्थानीय निकाय वा नियमानुसारका सरकारी निकायमा आधिकारिक दर्ता र नवीकरण हुनु पर्नेछ ।

(ङ.) मासु पसल निर्माण/सुधार कार्यक्रममा सहभागि हुने आवेदकले दैनिक कम्तिमा ५० किलो मासु वा मासुजन्य पदार्थ बिक्री वितरण गरिरहेको हुनु पर्नेछ ।

(च) यस कार्यविधिबमोजिम निर्माण/सुधार हुने मासु पसलले अनुसूची-११ बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(छ) मासु पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) मासु पसलको कोठा बनाउन भित्ता र भुईमा टायल लगाउन वा मार्वल बिछयाउने
(२) मासु, मासुजन्य पदार्थ र माछा भण्डारणको लागि फ्रिज वा डिप फ्रिजको व्यवस्था
(३) पशुपन्छी बध गर्दा निस्कने फोहर व्यवस्थापन,
(४) पशुपन्छी काट्ने,भुत्ल्याउने र सफा गर्ने स्ल्याव (टेवुल) निर्माण
(५) स्वच्छ पिउने पानिको व्यवस्था (ओभरहेड ट्याकीं स्थापना, पाईप फिटिङ्ग, पानि तान्ने मोटर जडान आदि)
(६) उपकरण खरिद जस्तै मासु झुण्डयाउने हुक, स्टेनलेस स्टील टेवल, चपिङ्ग टेवल चक्कुहरु, डिजिटल तराजु, अचानो आदि ।
(७)विभिन्न जातका पशुपन्छिको मासु अलग अलग राखि बेच्नका लागि शिशाको पार्टिशन
(८) शौचालय र वासिङ्ग वेशिन निर्माण सुधार,

(९) पसल अगाडिको आगन र ग्राहक बस्ने स्थान निर्माण सुधार,

(ज)सुधारिएको मासु पसलको सामान्य स्वरुप पशु बधशाला तथा मासु जाचँ ऐन,नियमावलि र प्राविधिक निर्देशिकामा तोकिएबमोजिम हुनेछ । तर स्थान विशेषको आवश्यकता मुताविक सम्बन्धित कार्यालयको परामर्श लिई सामान्य परिमार्जन सहितको मासु पसल निर्माण र सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ५

## व्यवसायिक बाखा फार्महरुमा डिपिङ्ग ट्याङ्ग निर्माण कार्यक्रम

१२. व्यवसायिक बाखा फर्माहरुमा डिपिङ्ग ट्याङ्क निर्माण कार्यक्रमः बाह्य परजिवि कारण बाखाको वृद्धि बिकास उत्पादन र स्वास्थ्य प्रभावित हुनु अवागै बाखापालन व्यवसायबाट प्राप्त हुने आर्थिक लाभ समेत ह्रास हुन पुग्दछ । यसर्थ बाखाको जातीय क्षमता बमोजिमको उत्पादन तथा उत्पादकत्व प्राप्त गर्न बाह्य परजिवीको नियन्त्रण अत्यावश्यक देखिन्छ । यसै तथ्यलाई मननगर्दै प्रदेश सरकारले डिपिङ्ग ट्याङ्क निर्माण कार्यक्रम अघि बढाएको छ ।

(१) कार्यक्रम सञ्चालन प्रकृयाः

(क) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ ।

(ख) यस कार्यक्रमअन्तर्गत सम्बन्धित कार्यलयले प्रदान गर्ने अनुदान रकम डिपिङ्ग ट्याङ्कोभौतिक संरचना निर्माण कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(ग) साझेदारी डिपिङ्ग ट्याङ्क निर्माणका लागि छनौट गरिने व्यवसायिक फार्म र तिनले पालना गनुपर्ने शर्तहरु निम्न बमोजिम हुनेछ ।

(१) छनौट गरिने व्यवसायिक बाखापालन फार्ममा कम्तिमा २० वटा प्रजनन योग्य माउ बाखा भएको हुनु पर्नेछ ।

(२) डिपिङ्ग ट्याङ्क अनुसूची-१३ बमोजिम निर्माण हुनुपर्नेछ ।

(३) डिपिङ्ग ट्याङ्क निर्माण गरिने स्थल प्राविधिक दृष्टिकोणबाट उपयुक्त हुनु पर्नेछ ।

(४) फार्ममा जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

(५) छनौट गरिएका फार्महरुमा भएका प्रजनन योग्य बोका र माउ बाखाको छनौट तथा टयागिङ्ग गर्ने, कमसल बोकाहरुलाई क्याष्टेशन र पाठिहरु हटाउने गर्नु पर्नेछ । -

६) फार्ममा वर्षमा ३ पटक बाह्य परजिवि नियन्त्रण गर्नु पर्नेछ ।

(७) बाखापालन फाममा अनिवार्य रुपले पी.पी.आर. विरुद्धको खोप लगाएको हुनुपर्नेछ ।

(८) बाखाहरुको बिमा गरेको हुनुपर्ने,

## परिच्छेद ६
## बोयर बोका वितरण कार्यक्रम

१३. व्यवसायिक बाखा फार्ममा बोयर बोका वितरण कार्यक्रमः आय आर्जन, रोजगारि सृजना र गरिबि न्युनिकरणका सन्दर्भमा बाखापालन व्यवसायको महत्वपूर्ण स्थान रहेको छ । विगतमा समेत मासु उत्पादनका लागि उपयुक्त मानिएका उच्च उत्पादकत्वयुक्त बिदेशि नश्लका बाखाहरु आयातगरि स्थानीयजातका बाखाको उत्पादन र उत्पादकत्व अभिबृद्धिका लागि जातिय सुधारका प्रयासहरु हुदै आएकोमा पछिल्ला केहि वर्षे यता बाखापालक कृषकहरु माझ बोयर जातको बाखाको लोकप्रियता अप्रत्याशित रुपले बढेको छ । बाखाको नश्ल सुधार गरि उतपादकत्व बृद्धि गर्न तथा व्यवसायिकरणमा टेवा पुऱ्याउने हेतुले गाउँपालिकाले बोयर जातका बाखाको ब्याडको बोका/पाठी वितरण कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

(१) कार्यक्रम सञ्चालन प्रकृया :

(क) सम्वन्धित कार्यालयले बोयर बोका वितरण कार्यक्रम सञ्चालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको दफा १३ को उपदफा १ ग को(१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ ।

(ख) व्यवसायिक बाखापालन फार्मको हकमा प्रति फार्म कम्तिमा २५ वटा प्रजनन योग्य माउ बाखा र कृषक समूह ⁄ समिति ⁄ सहकारिको हकमा प्रति कृषक कम्तिमा ५ वटा माउ बाखा भएको १० घरधुरिका बिच एउटा बोयर बोका वितरण गर्न सकिनेछ ।

(ग) यस कार्यक्रम अर्न्तगत प्रजननको लागि निम्न गुण भएको ब्याडको बोयर बोका खरिद गर्नुपर्नेछ ।

(१) दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाखाको सन्तान भएको

(२) बोकाको माउ र बाउको बिच नाता नभएको ।

(३) राम्रो दूध दिने माउबाट जन्मेको ।

(४) जातिय गुण प्रष्ट देखिने भएको ।

(५) दुवै अण्डकोष राम्रोसंग बिकास भएको र समान आकार प्रकारको भएको ।

(६) फूर्तिलो, दानापानि रुचाएर खाने, छाला, रौ सफा र चम्किलो, उमेर अनुसार शारिरिक बृद्धि भएको ।

(७) चौडा छाति, बलियो खुटटा तथा टाउको र गर्दनको अनुपात मिलेको शरिर भएको ।

(८) प्रजनन सम्वन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त रहेको ।

(९) ६ महिना उमेर पुगेको र कम्तिमा २०-२५ किलो शारीरिक तौल भएको ।

## परिच्छेद ७
## घाँस विकास कार्यक्रम सञ्चालन

१४. घाँस विकास कार्यक्रम सञ्चालन पशुपालन क्षेत्रको व्यवसायिकरणका माध्यमबाट एकातर्फ दूध र मासुको उत्पादन र उत्पादकत्व बुद्धि गर्नुपर्ने अवस्था छ भने अकातर्फ व्यवसायिक दिगोपनाका लागि प्रतिस्पर्धात्मक क्षमताको विकास र लागत मुल्य न्यूनीकरण पनि हाम्रो सन्र्दभमा उत्तिकै महत्वपूर्ण छ। वर्षे भरि हरियो घाँसको उपलब्धता सुश्चित गर्नका लागि व्यवसायिक कृषक तथा कृषक समूह/समिति/सहकारीमार्फत उन्नत जातका हिउँदे वर्षे र बहुवर्षे घाँसेबालिहरुको खेतीप्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिएको छ । उन्नत घाँसखेतीबिस्तारका लागि प्रदेश सरकारले विभिन्न किसिमका प्रबर्द्धनात्मक कार्यक्रमहरु जस्तै घाँसको बीउ/बेर्ना/सेट्स/स्लिप/स्यापलिङ्ग आदिको उत्पादन र वितरण हिउँदे/वर्षे/बहुवर्षे घाँसको बिउ/बेर्ना/सेट्स वितरण उन्नत घाँस खेतिको आधारमा अनुदान उपलब्ध गराउने सामुदायिक वन तथा खेर गएको जग्गामा घाँस खेतीबिकास घाँस खेतिको लागि सिचाई व्यवस्थापन गर्न सोलार बोरिङ स्थापना, मल्टिफङ्गसन ग्रास हार्भेस्टर वितरण र मोटर सहितको च्यापकटर मेशिन वितरण जस्ता कार्यक्रमहरु सञ्चालन भएको छ।

**(१) हिउँदे/वर्षे/बहुवर्षे घाँसको बीउ/बेर्ना/सेट्स वितरण कार्यक्रम सञ्चालन** प्रक्रिया

(क) पशुपालनमा आबद्ध व्यवसायिक कृषक/समूह/समिति/सहकारि, कम्पनि, फर्म र निजी उद्यमीहरुलाई वार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रहि निःशुल्क बितरण गर्नुपर्नेछ (ख) सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिमको खरिद प्रकृया अपनाइनेछ।

**(२) उन्नत घाँस खेतिको आधारमा अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताबिक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ।

(ख) पशु आहारा प्रयोजनको लागि खेतीगरिएको बहुबर्षिय घाँसको क्षेत्रफलको आधारमा प्रतिरोपनी रु.१० हजारसम्म उपलब्ध गराईनेछ।

(ग) बिउ उत्पादन प्रयोजनको लागि खेतीगरिएको हिउँदे/वर्षे/बहुवर्षे घाँसको हकमा समेत क्षेत्रफल को आधारमा प्रति रोपनी बराबर रु.१० हजारसम्म अनुदान दिन सकिनेछ तर यस्तो अनुदान प्राप्त गर्नका लागि सम्बनिधत कार्यालयसंग पहिला नै कन्टयाक्ट फार्मिङ्गको सम्झौता गरेको हुनु पर्नेछ।

(३) सामुदायिक वन तथा खेर गएको जग्गामा घाँस खेती बिकास कार्यक्रम सञ्चालन प्रक्रिया

(क) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ

(ख) सामुदायिक वन क्षेत्र भित्र कम्तिमा ५० रोपनी जग्गामा घाँस बिकास गरेको हुनुर्पछ।

(ग) यस कार्यक्रम अर्न्तगत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ।

(१) डाँले घाँसको बिरुवा खरिद र रोपण।

(२) हिउँदे घाँसको बिउ खरिद र वितरण।

(३) वर्षे घाँसको बिउ खरिद र वितरण ।

(४) बहुवर्षे घाँसको बिउ/बेर्ना/स्लीप/सेट्स खरिद तथा वितरण ।

(५) घाँसको स्रोत केन्द्र/नर्सरी स्थापना ।

(६) घाँस खेतीमा सिचाँई व्यवस्थापन ।

(७) घाँस खेतीको लागि आवश्यक पर्ने मेशिन औजार र उपकरण खरिद ।

(८) घाँस खेती गरिएको क्षेत्रको घेराबार र जौविक बारबन्देज ।

**(४) मल्टिफङ्गसन ग्रास हार्भेस्टर वितरण कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ ।

(ख) व्यवसायिक किसिमले प्रति फार्म/कृषक/व्यवसायि कम्तिमा २० वटा बयस्क गाई भैसींपालन गरिरहेका १० वटा फार्म/कृषक/व्यवसायिहरुले सयुक्त रुपमा मल्टिफङ्गसन ग्रास हार्भेष्टर प्रयोग गर्ने प्रतिबद्धता जनाएमा त्यस्ता फार्म/कृषक/व्यवसायिहहरुलाई कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ

(ग) साइलेज बनाउने प्रयोजनको लागि प्रत्येक फार्म/कृषक/व्यवसायि संग कम्तिमा २ हेक्टर क्षेत्रफलमा घाँस खेतीगरेको हुनु पर्नेछ ।

(घ) मल्टिफङ्गसन ग्रास हार्भेस्टर वितरण गर्दा व्यवसायिक पशुपालन असल आहारामा व्यवस्थापन अभ्यास अनुसरण गरि घाँस कम खेर जाने पद्धति अवलम्वन गर्नेलाई प्राथमिकता दिईनेछ ।

**(५) घाँस खेतिको लागि सिचाई व्यवस्थापन गर्न सोलार बोडिङ कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ ।

(ख) छनौट गरिने व्यवसायिक गाई भैसींपालक कृषक/फार्म/व्यवसायिले कम्तिमा २० वटा दूधालु गाईभैसि पालन गरेको हुनु पर्नेछ ।

(ग) पशु आहाराको लागि कम्तिमा ४० रोपनी क्षेत्रफलमा सघन घाँस खेती गरेको हुनुपर्नेछ ।

(घ) घाँस खेतिको लागि सिचाई व्यवस्थापन गर्ने सोलार बोरिड. वितरण गर्दा व्यवसायिक पशुपालनमा असल आहारा व्यवस्थापन अभ्यास अनुशरण गरि घाँस कम खेर जाने पद्धति अवलम्वन गर्नेलाई प्राथमिकता दिइनेछ ।

**(६) मोटर सहितको च्यापकटर मेशिन वितरण कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहहरु अवलम्वन गर्नेछ ।
(ख) छनौट गरिने कृषक/फार्म/व्यवसायिले गाई भैसिको हकमा कम्तिमाा ५ बटा वयस्क गाइभैसि, बाख्राको हकमा कम्तिमा २० वटा माउ बाख्रा र मासुको लागि पाडापालन गर्नेको हकमा कम्तिमा १५ वटा पाडापालन हुनु पर्नेछ ।
(ग) मोटर सहितको च्यापकटर मेशिन वितरण गर्दा व्यवसायिक पशुपालनमा असल आहारा व्यवस्थापन अभ्यास अनुशरण गरि घाँस कम खेर जाने पद्धति अवलम्वन गर्नेलाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद ८
## व्यवसायिक पशुपन्छि फार्म प्रवर्द्धन कार्यक्रम

### १६. व्यवसायिक पशुपन्छि फार्म प्रवर्द्धन कार्यक्रम

**(१)व्यवसायिक बगुंरफार्ममा खोर निर्माण/सुधार तथा जैविकसुरक्षा कार्यक्रम सञ्चालन प्रकृयाः**

बगुर पालन व्यवसाय मार्फत आयआर्जन एव स्वरोजगार प्रवर्द्धन गर्ने ध्येयले स्वच्छ वातावरणमा स्वस्थ बगुंरपालनलाई प्रश्चय दिई गुणस्तरिय मासु उत्पादन सुनिश्चित गर्ने तथा छाडा बगुरपालनलाई निरुत्साहित गर्ने सोचका साथ व्यवसायिक बगुँर फार्ममा खोर निर्माण/सुधार तथा जैविक सुरक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
(क) कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ ।
(ख) यस कार्यक्रममा सहभागि हुने बगुर पालक कृषक/फार्म/व्यवसायिले पहाडि क्षेत्रको हकमा पाठापाठी उत्पादन प्रयोजनले कम्तिमा ५ वटा भुनि वा मासु उत्पादन प्रयोजनले कम्तिमा १० वटा बगुर पालेको हुनु पर्नेछ भने तराई क्षेत्रको हकमा पाठापाठि उत्पादन प्रयोजनले कम्तिमा १० वटा भुनि वा मासु उत्पादन प्रयोजनले कम्तिमा २० वटा बगुर पालेको हुनु पर्नेछ ।
(ग) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।
(१) बगुंरको खोर निर्माण र सुधार गर्ने ।
(२) बगुंर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद गर्ने ।
(३) बगुंर फार्ममा बारबन्देज र जौविक सुरक्षको प्रवन्ध गर्ने ।

(४) बगुंर फार्ममा बायोग्यास निर्माण तथा फोहर व्यवस्थापन गर्ने ।

(५) बगुंर फार्ममा पानिको व्यवस्था, विद्युतीय मोटर र नमासिने प्रकृतिका सरसफाई सामाग्री खरिद गर्ने

**१७. व्यवसायिक गाईभैंसी फार्महरुलाई गोठ निर्माण सुदृढीकरण तथा जैविक सुरक्षा कार्यक्रम सञ्चालन प्रकृयाः**

(क) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक यस कार्यविधिको परिच्छेद २ दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ ।

ख) छनौट हुने साझेदारले अनुसूची-१२ बमोजिमको असल पशुपालन अभ्यास पालना गर्नु पर्नेछ ।

(ग) यस कार्यक्रमको प्रयोजनको लागि व्यवसायिक गाईभैंसी पालन र्फामको वर्गीकरण निम्न बमोजिम हुनेछ ।

(१) साना व्यवसायिक गाईभैसींपालन र्फाम ५ देखि १० वटासम्म उन्नत दूधालु गाईभैसीं पालन गरि दूध उत्पादन र बेचेबखन गर्ने गरेको ।

(२) मझौला व्यवसायिक गाईभैसींपालन फार्म ११ देखि ३० वटासम्म उन्नत दूधालु गाईभैसींपालन गरि दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(३) ठूला व्यवसायिक गाईभैसींपालन फार्म ३० भन्दा बढि उन्नत दूधालु गाईभैसीं पालन गरि दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(घ) कार्यक्रम सञ्चालनका लागि उपलब्ध गराईने आर्थिक सहयोग निम्न बमोजिम हुनेछ ।

(१) साना व्यवसायिक गाईभैसींपालन फार्मलाई उन्नत नश्लका गाईभैसींखरिद र पशु बिमा वापत प्रति पशु रु २० हजारका दरले प्रति कृषक/फार्म/व्यवसायी बढिमा रु १,००,०००/- (एक लाख ) सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(२) मझौला व्यवसायिक गाईभैसींपालन फार्मलाई निम्न क्रियाकलाप सञ्चालनका लागि प्रति कृषक/फार्म/व्यवसायीलाई बढिमा रु.२,००,०००/-(दुई लाख) सम्म सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(क) गोठ निर्माण/सुधार तथा फार्मको बारबन्देज र जैविक सुरक्षा आदि ।

(ख) पशु प्रजनन पशु आहारा तथा अन्य व्यवस्थापकिय कार्यमा सहयोग पुग्ने मेसिनरि औजारहरु जस्तै कृतिम गर्भाधान उपकरण, ग्राईण्डर, च्यापकटर, काउ म्याट, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद । ( ३) ठूला व्यवसायिक गाईभैसींपालन फार्मलाई निम्न क्रियाकलाप सञ्चालनका लागि प्रति कृषक/फार्म/व्यवसायि बढिमा रु.३,००,०००/-(तीन लाख) सम्म अनुदान प्रदान गरिनेछ ।

(क) गोठ निर्माण/सुधार तथा फार्मको बारबन्देज र जैविक सुरक्षा आदि ।

(ख) पशु प्रजनन पशु आहारा तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग पुग्ने मेसिनरी औजारहरु जस्तै कृत्रिम गर्भाधान उपकरण, ग्राईण्डर, च्यापकटर, काउ म्याट, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद । ( ग) मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फोरेज बल्क मेशिन/यु.एम.एम.बि. मेशिन/विद्युतीय फिडर/साइलोपिट/डिपबोरिङ्ग/चिलिङ्ग भ्याट/पाश्चुराइजेर आदि खरिद तथा जडान ।

## १८. व्यवसायिक बाख्रा फार्महरुलाई खोर निर्माण/सुधार तथा जैविक सुरक्षा कार्यक्रम सञ्चालन प्रकृया :

(१) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताबिक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ । यस कार्यक्रमको प्रयोजनको लागि व्यवसायिक बाख्रापालन फार्मको वर्गिकरण निम्न बमोजिम हुनेछ ।

(क) निजी व्यवसायिक बाख्रापालन फार्म कम्तिमा २० वटा प्रजनन्योग्य माउ बाख्रा पालन गरेको फार्म ।

(ख) सामुहिक व्यवसायिक बाख्रापालन फार्म : बाख्रापालन कृषक समूह/समितिमा आवद्ध भएका र प्रति समूह कम्तिमा १० जना सदस्य भै प्रति सदस्य कम्तिमा १० वटा प्रजनन योग्य माउ बाख्रा पालन गरेको वा सो संख्यामा बाख्रापालन गरि व्यवसाय शुरु गर्ने फार्म ।

(ग)सहकारीव्यवसायिक बाख्रापालन फार्मः कम्तिमा २५ जनासदस्यहरु सहकारिमा आवद्ध भएका र प्रति सदस्य कम्तिमा १० वटा प्रजनन्योग्य माउबाख्रापालन गरेको फार्म ।

(२)निजी,सामुहिक वा सहकारी व्यवसायिक बाख्रापालन फार्मलाई निम्न क्रियाकलाप सञ्चालनकालागि अधिकतम रु.१,००,००० (एक लाख ) अनुदान सहयोग प्रदान गरिनेछ ।

(क) बाख्राको खोर निर्माण/सुधार ।

(ख) फार्मको जैविक सुरक्षाको लागि बारबन्देज ।

(ग) डिपिङ्ग टयाङ्क निर्माण ।

(घ) घाँस विकास तथा नर्सरि स्थापना ।

(ङ) प्रजनन बोका खरिद तथा व्यवस्थापन ।

(च) फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

## १९. अण्डा उत्पादन गर्ने व्यवसायिक फार्महरुलाई जैविक सुरक्षा तथा खोर निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रकृयाः:

(१) कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारि मुताविक गर्नेछ ।

(२) कम्तिमा १००० वटा लेर्यस कुखुरा,५०० वटा  स्थनीय लोकल कुखुरापालन गरिरहेको कुखुरापालक कृषक/ फार्म/व्यवसायिलाई मात्र कार्यक्रममा समावेस गरिनेछ ।

(३) छनौट हुने साझेदारले संघिय सरकारबाट जारि भएको “व्यवसायिक पंक्षि फार्म तथा ह्याचरि सञ्चालन निर्देशिका,२०७१” का प्रावधानहरु अवलम्वन गर्नु पर्नेछ ।

(४) यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(क) कुखुराको खोर निर्माण/सुधार ।

(ख) व्यवसायिक कुखुरा पालन फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद र जडान।

(ग) कुखुरा फार्ममा बारबन्देज र जैविक सुरक्षाको प्रवन्ध ।

(घ) व्यवसायिक कुखुरापालन फार्मबाट निस्कने फोहर व्यवस्थापन आदि

## परिच्छेद ९
## अनुदान तथा लागत साझेदारी

२०. अनुदानतथालागतसाझेदारीमागर्नेकार्यक्रमहरूः
प्रस्तावककोयोग्यताःप्रस्तावक/निवेदकलेरू. १०।-
